वस्तुगत प्रश्नोत्तर

१. **नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) द्वारा स्पोर्टस् अवार्ड, २०८० को वर्ष खेलाडी कसलाई घोषणा गऱ्यो ?**

↳ पुरुषतर्फ : रोहितकुमार पौडेल (क्रिकेट) र महिलातर्फ : एन्जिका गुरुङ (कराँते)

- वर्ष उत्कृष्ट प्रशिक्षक : कराँतेका कुशल श्रेष्ठ
- युवा वर्ष खेलाडी : हेमन्त पाल (भारोत्तोलन)
- पिपुल्स च्वाइस अवार्ड : कविता भट्ट (धलिबल)
- एनएसजेएफ पारा एथलेट अवार्ड : पलेशा गोवर्धन
- लाइफटाइम अचिभमेन्ट अवार्ड : क्रिकेटका विनयराज पाण्डे (नेपाल क्रिकेट सङ्घका संस्थापक महासचिव)
- एनएसजेएफ स्पेसल अवार्ड : कुमार राई (प्रशिक्षक, धलिबल)
- एसियन स्पोर्टस् जर्नालिस्ट अवार्ड : हि दोङ जङ (अध्यक्ष : एआइपिएस एसिया)
- टिम अफ दि इयर : नेपाली महिला कबड्डी टोली।

२. **विश्वमै पहिलो पटक उच्चतम स्थानमा डान्स कोरियोग्राफी गर्दै गिनिज बुक अफ वल्र्ड रेकर्डस्मा आफ्नो नाम दर्ता गर्न सफल व्यक्तित्व को हुन् ?**

↳ सुरेन्द्र राई र सुयन तामाङ

- सुरेन्द्र र सुयनले २०८१ जेठमा सोलुखुम्बुस्थित कालापत्थरमा ५४४१ (१७,८५१ फिट) उचाइमा नृत्य गरेका थिए।

३. **भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) का महासचिव सीताराम यचुरीको निधन कहिले भएको हो ?**

↳ सन् २०२४ सेप्टेम्बर १२

४. **दुई सार्वजनिक सञ्चार संस्था रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एक आपसमा गाभेर सार्वजनिक सेवा प्रसारण (पिएसबी) गठन गर्ने कानुन प्रतिनिधि सभाबाट कहिले पारित भएको हो ?**

↳ विसं २०८१ भदौ २५

- राष्ट्रिय सभामा उत्पत्ति भएको सार्वजनिक सेवा प्रसारण विधेयक भाद्र २५ मा प्रतिनिधि सभाबाट पारित भएको हो।
- प्रमाणीकरण भएको ३१ औँ दिनबाट कार्यान्वयनमा आउने गरी संसदले विधेयक पारित गरेको हो।
- रूपान्तरित संस्थाको पुरुष्य कार्यकारी अङ्ग कार्यकारी समितिको अध्यक्ष चयनमा लोक सेवा आयोगको संलग्नता हुने छ।

५. **बागबानीका एन्टिभाइरस भनी कसलाई चिनिन्छ ?**

↳ मुकुन्द रञ्जित

६. **स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन कहिले गरिने भएको छ ?**

↳ विसं २०८१ मङ्सिर १६

- विसं २०८१ भदौ ३० को मन्त्रीपरिषद् बैठकले निर्वाचन आयोगको परामर्शमा उपनिर्वाचनको मिति तोकेको हो।
- स्थानीय तह निर्वाचन ऐनले जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, कुनै पनि पालिकाका प्रमुख र उपप्रमुख तथा वडाअध्यक्षलगायतको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि रिक्त पदको पूर्ति उपनिर्वाचनद्वारा हुने व्यवस्था गरेको छ।

७. **विसं २०८१ भदौ ३१ को संवैधानिक परिषद्को बैठकले प्रधान न्यायाधीशमा कसलाई सिफारिस गर्ने निर्णय गऱ्यो ?**

↳ प्रकाशमान सिंह राउत

८. **राष्ट्रिय विज्ञान दिवस कहिले मनाइन्छ ?**

↳ असोज १

- १२ औँ (२०८१) को नारा विज्ञान तथा प्रविधि : विकास र उत्पादन वृद्धि

९. **सुदूरपश्चिम प्रदेश सरकारले आव २०८१/८२ का लागि प्रस्तुत गरेको बजेटको राशि कति रहेको छ ?**

↳ रु. ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार

- विसं २०८१ भदौ ३१ मा प्रस्तुत
- पुँजीगततर्फ : रु १८ अर्ब ७६ करोड २३ लाख (५९.३२ प्रतिशत)
- चालुतर्फ : रु. १२ अर्ब ८५ करोड ७४ लाख (४०.६५ प्रतिशत)
- वित्तीय व्यवस्था तर्फ : रु. एक करोड (०.०३ प्रतिशत)

खर्च बेहोर्ने स्रोत

- आन्तरिक राजस्व परिचालनबाट : रु. एक अर्ब ६० करोड ७० लाख
- सङ्घीय सरकारको राजस्व बाँडफाँटबाट : रु. नौ अर्ब ९९ करोड १९ लाख
- सङ्घीय रोयल्टी बाँडफाँटबाट : रु. चार करोड चार लाख
- वित्तीय समानीकरण अनुदानबाट : रु. आठ अर्ब ७२ करोड २७ लाख
- आव २०८०/८१ को विनियोजनबाट बचत : रु. छ अर्ब १५ करोड ८३ लाख
- ससर्त अनुदान : रु. तीन अर्ब १३ करोड ३४ लाख
- सङ्घीय समपूरक अनुदानबाट : रु. एक अर्ब ४२ करोड
- विशेष अनुदानबाट : रु. ४५ करोड ६० लाख
- यसअघि सदनमा पेस भएर पास हुन नसकेको बजेटलाई परिमार्जन गरी नयाँ बजेट ल्याइएको हो।
- तत्कालीन सरकारले असार १ मा पेस गरेको रु. ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजारको बजेट सरकार अल्पमतमा परेसँगै पारित हुन सकेको थिएन। बजेट पारित नहुँदा सुदूरपश्चिम प्रदेश दुई महिनादेखि बजेट विहीन अवस्थामा रहेको थियो।

१०. **राष्ट्रिय शिक्षा दिवस कहिले मनाइन्छ ?**

↳ असोज २

- २०८१ को नारा : ज्ञान, विज्ञान, सिप उद्यम र पौलिकता : साझेदारी र प्रणालीगत सक्षमता
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ जारी भएको दिन असोज २ गतेलाई राष्ट्रिय शिक्षा दिवसका रूपमा मनाउने निर्णयबमोजिम प्रत्येक वर्ष असोज २ गतेका दिन यो दिवस मनाउन थालिएको हो।

११. **राष्ट्रिय मुक्ति क्रान्ति नेपाल पार्टीको घोषणा कहिले गरियो ?**

↳ विसं २०८१ असोज १

१२. **नेपाल टेलिभिजनद्वारा संस्कृत भाषामा समाचार प्रसारण गर्न कहिलेदेखि थालिएको हो ?**

↳ विसं २०७५ असोज ६

१३. **साउथ एसिया रिजन फाइनान्सियल इन्क्लुजन इनिसिएटिभ (एसएआरएफआइआई) को अध्यक्षमा को चयन भएका छन् ?**

↳ गभर्नर महाप्रसाद अधिकारी

- सार्फीको नेतृत्व नेपाल राष्ट्र बैङ्कमा हस्तान्तरण भएको छ। नेतृत्व हस्तान्तरणसँगै बैङ्कका तर्फबाट गभर्नर अधिकारी सार्फीको अध्यक्ष चयन भएका छन्।
- मध्य अमेरिकी मुलुक एल्सल्भाडोरको राजधानी सान्सल्भाडोरमा सन् २०२४ सेप्टेम्बरमा भएको एलायन्स फर फाइनान्सियल इन्क्लुजन (एएफआई)-ग्लोबल पोलिसी फोरम को बैठक अन्तर्गत आयोजित पाँचौँ सार्फी लिडर्स रुटिनेबलका क्रममा सार्फीको अध्यक्षता नेपाल राष्ट्र बैङ्कमा हस्तान्तरण भएको हो।
- बैठकले स्टेट बैङ्क अफ पाकिस्तानलाई सार्फीको उपाध्यक्ष चयन गरेको छ।
- यस अघि सार्फीको नेतृत्व माल्दिभ्स मनिटरी अथोरिटीमा थियो भने राष्ट्र बैङ्कका तर्फबाट गभर्नर अधिकारी उक्त सञ्जालको उपाध्यक्ष थिए।
- सन् २०२२ सेप्टेम्बरमा जोर्डनको डेडसीमा सम्पन्न ' ग्लोबल पोलिसी फोरम' को बाहौँ बैठकका क्रममा सार्फी स्थापना भएको।
- नेपाल राष्ट्र बैङ्कसहित बङ्गलादेश, भुटान, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका केन्द्रीय बैङ्कहरू उक्त सञ्जालमा आबद्ध छन्।
- क्षेत्रीयस्तरमा ज्ञान आदानप्रदान, क्षमता अभिवृद्धि र संयुक्त सिकाइ अभ्यास, प्राविधिक सहायताको कार्यान्वयन, विश्वव्यापी र क्षेत्रीय स्तरका असल अभ्यासको अनुसरण गर्दै सबै वित्तीय समावेशीकरणलाई प्रवर्धन गर्नेलगायतका उद्देश्यसहित सार्फीको स्थापना भएको हो।

१४. **विसं २०८१ वैशाख पूर्णिमाका दिन कति औँ बुद्ध जयन्ती मनाइयो ?**

↳ २५६८ औँ

१५. **क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) को अध्यक्षमा कसलाई चयन गरियो ?**

↳ रामकला खड्का (अन्नपूर्णकर्मी), विसं २०८१ भदौ

- डब्लुडब्लुजेको स्थापना सन् २००६ मा भएको हो।

१६. **वेस्ट इन डिजिटल वैद्युकिङ अवार्डबाट सम्मानित हुने नेपाली वैद्युक कुन हो ?**

↳ एनआइसी एसिया बैङ्क (सन् २०२४ अगस्ट)

- इन्डियन चेम्बर अफ कमर्सको 'बेस्ट इन डिजिटल बैङ्किङ अवार्ड अन्तर्गत सन् २०२४ अगस्टमा भारतको नयाँ दिल्लीमा आयोजित 'बैङ्किङ कन्क्लेभ २०२४' मा एनआईसी एसिया बैङ्किङलाई उक्त अवार्ड प्रदान गरिएको छ।
- यस अवार्डमा बिम्स्टेक अन्तर्गतका राष्ट्र नेपालसहित भारत, श्रीलङ्का, भुटान, म्यानमारलगायतका देशहरूका बैङ्कहरूले प्रतिस्पर्धा गरेका थिए।
- त्यस्तै, गरिमा विकास बैङ्क 'द बेस्ट बैङ्किङ इन एसेट क्वालिटी' अवार्डबाट सम्मानित भएको।

१७. **राष्ट्रिय बाल दिवस कहिले मनाइन्छ ?**

↳ भदौ २९

- २०८१ (६० औँ) को नारा : बालबालिकामा लगानी : सुनिश्चित भविष्यको लगानी।
- नेपालले संयुक्त राष्ट्रसङ्घको बाल अधिकारसम्बन्धी महासन्धिलाई २०४७ भदौ २९ गते अनुमोदन गरेको दिनको सम्झनामा विसं २०६३ देखि भदौ ४ गतेको सट्टा भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाइँदै आएको छ।

१८. **पद्मश्री साहित्य पुरस्कार-२०८१ कसलाई प्रदान गरियो ?**

↳ प्रा. कृष्ण गौतम (उपन्यास: अद्वैत)

- द्वैत, अद्वैत तथा बहुलवादमा आस्था भए पनि मानवताको सार मूलतः एक रहेको तथा विश्वास, मत र मार्गहरू भए पनि मुहान एक रहेको व्याख्या गर्दै मानव समाजमा समभाव, समानुभूति तथा ऐक्यबद्धता स्थापना गर्ने विषयमा बोधगम्य भाषा शैलीमा उक्त उपन्यास लेखिएको हो।
- प्रा. गौतमका समालोचनात्मक र आख्यानात्मक एक दर्जनभन्दा बढी पुस्तक प्रकाशित छन्।
- त्यस्तै, नेपाली भाषा, साहित्य तथा संस्कृतिको उन्नयनका लागि सिर्जना, पत्रकारिता तथा साहित्यिक गतिविधिमा निरन्तर सक्रिय साहित्यिक अभियन्ता तथा चिन्तक पवन कुमार चामलिङलाई पद्मश्री साधना सम्मान प्रदान गरिएको। चामलिङ २४ वर्ष भारतको सिक्किम राज्यका पुरुष्यमन्त्री भएका थिए।
- त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति, पूर्वराजदूत तथा नागरिक समाजका अभियन्ता प्राडा केदारभक्त माथेमालाई पद्मश्री गौरव पुरस्कार प्रदान गरिएको छ।
- यी पुरस्कारको राशि जनही तीन लाख रुपियाँ रहेको छ।

१९. **युरो मनी अवार्ड फर एक्सेलेन्स २०२४ अन्तर्गत वेस्ट वैद्युकिङ नेपाल र वेस्ट वैद्युकिङ इएसजी (वातावरण, सामाजिक र सुशासन) नेपाल गरी दुई विधामा सम्मानित हुन सफल नेपाली वैद्युकिङ कुन हो ?**

↳ ग्लोबल आइएपइ बैङ्क (सन् २०२४ सेप्टेम्बर)

- सन् २०२४ सेप्टेम्बर १२ मा सिङ्गापुरमा आयोजित एक समारोहमा युरो मनी म्यागेजिनका प्रतिनिधिद्वारा बैङ्किङका अध्यक्ष चन्द्रप्रसाद ढकाल र प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीलाई सो अवार्ड हस्तान्तरण गरिएको हो।
- यस अघि पनि ग्लोबल आइएपई बैङ्कले 'युरो मनी अवार्ड फर एक्सेलेन्स २०२२-बेस्ट बैङ्क नेपाल प्राप्त गरेको थियो।
- सन् १९९२ मा युरो मनी म्यागेजिनद्वारा स्थापित यो अवार्ड बैङ्किङ क्षेत्रको प्रतिष्ठित अवार्ड हो।

प्रस्तुतकर्ता : टङ्क केसी

विषयगत प्रश्नोत्तर

नेपालको शासन प्रणालीका विशेषता



१. **शासनका मुख्य पात्र र तिनको भूमिका उल्लेख गर्दै नेपालले अवलम्बन गरेको शासन प्रणालीका विशेषताहरू लेख्नुहोस् ।**

↳ मुलुकका शासकीय मामिलाहरू व्यवस्थापन गर्न राजनीतिक, आर्थिक तथा प्रशासनिक अधिकारको अभ्यास गर्ने कार्य शासन हो। यसलाई सार्वजनिक मामिलाको व्यवस्थापन गर्न गरिने विभिन्न क्रियाकलापको समष्टिको रूपमा समेत बुझिन्छ। यसमा विभिन्न पात्र, संरचना र प्रक्रियाहरू समावेश हुन्छन्। सरकार नै शासन हो भन्ने परम्परागत मान्यतामा परिवर्तन आई पछिल्लो समय शासनलाई बहुपात्रहरूको संलग्नतामा सञ्चालन हुने एक जटिल र बहुआयामिक प्रक्रियाको रूपमा बुझ्ने गरिएको छ।

शासनका मुख्य पात्र र भूमिका

- शासनका प्रमुख पात्र भनेका सरकार वा सार्वजनिक क्षेत्र, निजी क्षेत्र र नागरिक समाज हुन् । यी पात्रहरूबिचको अन्तर्क्रिया र अन्तर्निर्भरताबाट नै शासन सञ्चालन हुने गर्छ। कार्यगत रूपमा स्वतन्त्र रहँदारहँदै पनि यिनीहरूबिचको सहकार्य, साझेदारी र सहयोगबाट शासनका बृहत् उद्देश्यहरू हासिल गर्न सकिन्छ । वैश्विक परिवेशमा दिन प्रतिदिन देखापर्ने नवीन र जटिल समस्याको समाधान यिनै पात्रबिचको सहकार्यबाट खोज्न सकिन्छ। शासनका यी पात्रहरूको भूमिका यिनीहरूको विशिष्ट क्षमता र सामर्थ्यका आधारमा निर्धारण हुने गर्छ।

क) सरकार/सार्वजनिक क्षेत्रको भूमिका सरकारसँग रहने वैधशक्ति तथा दण्डशक्तिका कारण सरकारलाई शासनको नेतृत्वकर्ताको रूपमा लिइन्छ । विभिन्न नेटवर्कहरूको संयोजन तथा शासनका पात्रहरूसँगको सहकार्यमा सरकारले देहायका भूमिका निभाउने गर्छ :

- नीति, कानुन र मापदण्ड तर्जुमा र कार्यान्वयन गर्ने,
- शान्ति र अमनचयन कायम गर्ने,
- नागरिकको जीवन, सम्पत्ति र स्वतन्त्रताको रक्षा गर्ने,
- समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- नागरिकलाई आधारभूत सेवा उपलब्ध गराउने,
- सामाजिक न्याय र समावेशिता कायम गर्ने,
- मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन गर्ने,
- कमजोर वर्गको संरक्षण र सुरक्षा गर्ने,
- भौतिक तथा सामाजिक पूर्वाधार विकास गर्ने,
- वातावरण संरक्षण र विपत् व्यवस्थापनका कार्य गर्ने,
- निजी तथा गैरसरकारी क्षेत्रका कार्यहरूको नियमन तथा सहजीकरण गर्ने।

ख) निजी क्षेत्रको भूमिका आर्थिक शक्तिको हैसियतमा निजी क्षेत्रले शासन सञ्चालनमा देहायका भूमिका प्रदर्शन गर्छ।

- आर्थिक नीति निर्माण र कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने,
- उद्योग, व्यवसाय स्थापना र सञ्चालन गर्ने,
- उद्यमशीलता र नवप्रवर्तन प्रवर्धन गर्ने,
- राजस्व र रोजगारी सिर्जना गर्ने,
- उत्पादन र उत्पादकत्व वृद्धि गरी आर्थिक वृद्धिमा योगदान गर्ने,
- सार्वजनिक निजी साझेदारी मोडेलमा पूर्वाधार निर्माण गर्ने,
- विपत् र महामारीको समयमा सरकारसँग हातेमालो गर्ने,
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत स्थानीय समुदायको आर्थिक, सामाजिक तथा वातावरणीय समस्या सम्बोधन गर्न योगदान गर्ने।

ग) नागरिक समाज/गैरसरकारी क्षेत्रको भूमिका गैरसरकारी संस्था, पेसागत सङ्गठन, धार्मिक सङ्गठन, पैरवी समूह, सामुदायिक सङ्गठन तथा अन्य विभिन्न नागरिक समूहलाई समग्रमा नागरिक समाज भनिन्छ । गैरराजनीतिक, गैरनाफामूलक र स्वयंसेवी भावनाले काम गर्ने नागरिक समाजलाई सामाजिक शक्तिको रूपमा हेरिन्छ । शासन सञ्चालनमा नागरिक समाजको भूमिका देहाय अनुसार रहन्छ ।

- नागरिक र पिछडिएको समुदायको हक हितको लागि नीतिगत पैरवी र लबिङ गर्ने,
- सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउन निगरानी भूमिका निर्वाह गर्ने,
- शासकीय प्रक्रियामा नागरिकको अधिकाधिक सहभागिताका लागि प्रोत्साहन गर्ने,
- मानव अधिकारको संरक्षण र प्रचलनका लागि सशक्त आवाज उठाउने,
- सरकार र निजी क्षेत्र पुग्न नसक्ने र नचाहने क्षेत्रमा सचेतना, सशक्तीकरण र सेवा प्रवाहसम्बन्धी कार्य गर्ने,
- नागरिक चेतना र शिक्षाको माध्यमबाट नागरिकको क्षमता विकास गरी सरकारलाई नागरिकप्रति थप उत्तरदायी बनाउन योगदान गर्ने,
- विपत्को समयमा उद्धार तथा राहत वितरणमा परिचालित हुने, सहयोग सङ्कलन गर्ने तथा मानवीय सहयोग उपलब्ध गराउने।

नेपालको शासन प्रणालीका विशेषताहरू

- नेपालको संविधानको धारा ७४ मा नेपालको शासकीय स्वरूप बहुदलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली हुने छ भनी उल्लेख गरिएको छ। यस शासन प्रणालीमा अन्तर्निहित विशेषताहरू यस प्रकार छन्।
- लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा आधारित शासन व्यवस्था,
- राष्ट्रप्रमुखको रूपमा निर्वाचित राष्ट्रपति रहने गणतन्त्रात्मक व्यवस्था,
- सुधारिएको संसदीय प्रणाली अवलम्बन,
- सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना सहितको सङ्घीय शासन प्रणाली,
- कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबिच शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन,
- बहुलवाद र बहुदलीय प्रतिस्पर्धा,
- मिश्रित निर्वाचन प्रणाली अवलम्बन,
- तीन तहका अदालती संरचनासहितको एकीकृत न्यायप्रणालीको प्रबन्ध,
- कार्यकारीको स्वेच्छाचारिता उपर अङ्कुश लगाउन संवैधानिक निकायहरूको व्यवस्था,
- समावेशिता र समानुपातिक प्रतिनिधित्वमा जोड,
- विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनमा जोड,
- अर्थतन्त्रमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिका,
- राजनीतिक दल, पेसागत सङ्घ सङ्गठन तथा विभिन्न संस्था खोल्ने स्वतन्त्रता,
- समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकासमा जोड।

- अत्यमा सरकारसँग रहेको वैधानिक शक्ति, निजी क्षेत्रको आर्थिक शक्ति र नागरिक समाजसँगको सामाजिक शक्तिको उचित तालमेलबाट मात्र शासकीय लक्ष्यहरू हासिल गर्न सकिन्छ । नेपालको शासन प्रणालीलाई अझै बढी लोकतान्त्रिक बनाउँदै शासन व्यवस्थाप्रति नागरिकको स्वामित्व र अपनत्व स्थापित गराउन शासकीय पात्रहरूबिच समन्वय, सहकार्य र आपसी विश्वास प्रवर्धन गर्नु आवश्यक छ।

२. **सङ्घीय शासन व्यवस्थाका विशेषता उल्लेख गर्नुहोस् ।**

↳ एउटै भूगोल र एउटै जनसङ्ख्या उपर फरक फरक तहका सरकारबाट शासन सञ्चालन हुने व्यवस्थालाई सङ्घीय शासन व्यवस्था भनिन्छ । यस व्यवस्थामा राज्यशक्तिलाई तहगत सरकारहरूबिच बाँडफाँड गरी आआफ्नो क्षेत्राधिकारभित्र रही शासन सञ्चालन हुने गर्छ । सङ्घीय शासन व्यवस्थाका विशेषताहरू देहायबमोजिम रहेका छन् :

- संवैधानिक अधिकारसहितका नागरिकप्रति उत्तरदायी बहुतहका सरकार,
- सङ्घीय एकाइहरू एकअर्काको अधीनस्थ नभई संविधानको अधीनस्थ रहने,
- संवैधानिक रूपमा व्यवस्थापिकीय र कार्यपालिकीय अधिकारको बाँडफाँट,
- सङ्घीय एकाइहरूले एकअर्काको अधिकार क्षेत्र र निर्णयको सम्मान गर्ने,
- स्वशासन र सहशासनको अवस्थाको विद्यमानता,
- संवैधानिक जिम्मेवारी र वित्तीय स्रोतबिच सन्तुलन,
- अन्तरतह सम्बन्धका आधारहरूको व्यवस्था,
- संवैधानिक विवाद निरूपण गर्न विशिष्टिकृत निकायको व्यवस्था,
- अन्तरसरकार सहकार्य र सम्बन्ध व्यवस्थापन गर्ने प्रणाली र संरचनाको व्यवस्था,
- सङ्घीय संसदमा प्रादेशिक धारणाको प्रतिनिधित्व हुने संरचनागत व्यवस्था,
- प्रदेश र स्थानीय तहसँग सम्बन्धित विषयमा संविधान संशोधन प्रक्रिया जटिल।

३. **सङ्घीय निजामती सेवा सम्बद्ध के कस्ता विषयमा आयोगको परामर्श आवश्यक मानिन्छ ? प्रस्ट पार्नुहोस् ।**

↳ संविधानमा उल्लेख भएबमोजिम सङ्घीय निजामती सेवा सम्बद्ध देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्छ।

क) सङ्घीय निजामती सेवाको सर्तसम्बन्धी कानुनको विषय,

ख) सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषय,

ग) निम्न अवस्थामा उम्मेदवारको उपयुक्तताको विषय,

- सङ्घीय निजामती सेवाको पदमा छ महीनाभन्दा बढी अवधिका लागि नियुक्ति गर्दा,
- कुनै एक प्रकारको सङ्घीय निजामती सेवाको पदबाट अर्को प्रकारको सङ्घीय निजामती सेवाको पदमा सरुवा वा बढुवा गर्दा,
- अन्य सरकारी सेवाबाट सङ्घीय निजामती सेवामा सरुवा वा बढुवा गर्दा,
- कुनै प्रदेशको निजामती सेवाको पदबाट सङ्घीय निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा,
- सङ्घीय निजामती सेवाको पदबाट प्रदेश निजामती सेवाको पदमा सेवा परिवर्तन वा स्थानान्तरण गर्दा,
- लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषय,
- सङ्घीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजायको विषय।
- लोक सेवा आयोगको परामर्शदायी भूमिकाले निजामती सेवामा योग्यता तन्वलाई थप प्रवर्धन गर्न सहयोग गर्छ।

४. **प्रत्ययोजित विधायनका फाइदा र बेफाइदाहरू उल्लेख गर्दै राष्ट्रिय सभा अन्तर्गतको सार्वजनिक नीति तथा प्रत्ययोजित विधायन समितिले प्रत्ययोजित विधायनका सम्बन्धमा अनुगमन गर्ने विषयहरू जानकारी गराउनुहोस् ।**

↳ कानुन निर्माण गर्ने सर्वोच्च निकायको जिम्मेवारीमा रहेको विधायिकाले प्रत्ययोजन गरेको अधिकार अन्तर्गत बन्ने नियम, विनियम, निर्देशिका, कार्यविधि तथा जारी हुने आदेशलाई प्रत्ययोजित विधायन भनिन्छ । विधायिकाले बनाउने कानुनबाहेकका सबै कानुन प्रत्ययोजित विधायन हुन् । प्रत्ययोजित विधायनका फाइदा र बेफाइदा दुवै हुन्छन्।

क) फाइदा

- संसदको समय र स्रोतसाधन बचत भई अन्य बृहत् नीतिगत विषयमा बहस गर्न उपयोग गर्न सकिने,
- विशिष्ट प्राविधिक ज्ञान, सिप भएका पेसागत व्यक्तिबिच छलफल भई विज्ञताको पूर्ण उपयोग गरी कानुन तर्जुमा गर्न सकिने,
- संशोधन प्रक्रियाको लागि संसदमा जानु नपर्ने हुँदा तुलनात्मक रूपमा सरल र सहज भई विपत् वा महामारीको बेला छिटो निर्णय लिन सकिने,
- कुनै क्षेत्र विशेषको विशिष्ट आवश्यकता र परिस्थिति अनुसार तर्जुमा हुने,
- जनअपेक्षा शीघ्र पूर्ति गर्न सहयोग पुग्ने।

ख) बेफाइदा

- कानुन निर्माणमा जननिर्वाचित निकायको भूमिका नदेखिने, कमजोर निगरानी हुने,
- जननिर्वाचित व्यक्ति वा संस्था बाहिरबाट तर्जुमा हुने हुँदा लोकतान्त्रिक नहुने सम्भावना रहने,
- शक्तिको दुरुपयोग हुन सक्ने र नीतिगत भ्रष्टाचार पोलाउने जोखिम रहने,
- अत्यधिक प्रत्ययोजनले कानुन निर्माणमा संसदको भूमिका कमजोर बनाउने,
- संसदको सार्वभौम शक्ति वा मौलिक शक्ति र मर्यादा कमजोर हुने,
- कार्यकारिणी निकायको शक्तिमा बढोत्तरी भई स्वेच्छाचारिता र दुरुपयोगको गुञ्जाइस रहने,
- अपरिभाषित र जटिल शब्दहरूको प्रयोग हुने, अस्पष्टता र सदिग्धता हुने सम्भावना रहने र कार्यान्वयनमा जटिलता आउन सक्ने।

सार्वजनिक नीति तथा प्रत्ययोजित विधायन समितिले अनुगमन गर्ने विषयहरू

- राष्ट्रिय सभा नियमावली, २०७५ को दफा १५३ अनुसार प्रत्ययोजित विधायनका सम्बन्धमा समितिमा देहायका विषयमा छलफल गर्नु पर्छ।
- ऐनद्वारा प्रत्ययोजित अधिकार अन्तर्गत नेपाल सरकारले बनाउनु पर्ने नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि बनाउने छ वा छैन,
- संविधान वा ऐनको उद्देश्य अनुरूप नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि बनेको छ वा छैन,
- ऐनले तोकेबमोजिमका विषयहरू नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेशमा परेका छन् वा छैनन्,
- कुनै कर लगाउने वा उठाउने कुरा नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि परेको छ वा छैन,
- ऐनले प्रत्ययोजित गरेको व्यवस्था अनुसार बनेको नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदिले अदालतको क्षेत्राधिकारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले हस्तक्षेप गर्छ वा गर्दैन,
- संविधान वा ऐनले स्पष्ट रूपमा त्यस्तो कुनै अधिकार प्रदान नगरेको कुनै व्यवस्थाको सम्बन्धमा नियम पूर्वप्रभावी छ वा छैन,
- सञ्चित कोष वा अन्य सरकारी कोषबाट नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदिमा कुनै खर्च बेहोर्नु पर्छ वा पर्दैन,
- संविधान वा ऐनद्वारा प्रदत्त अधिकारको सीमाभित्र नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि छ वा छैन,
- त्यस्तो नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदि प्रकाशन गर्न र सङ्घीय संसद सचिवालयसमक्ष पेस गर्नपर्ने अनावश्यक ढिलाइ गरिएको छ वा छैन, र
- त्यस्तो नियम, निर्देशिका, कार्यविधि, विनियम र आदेश आदिको अभिप्राय स्पष्ट गर्नका लागि कुनै स्पष्टीकरण आवश्यक पर्छ वा पर्दैन।
- अन्त्यमा प्रत्ययोजित विधायनले प्रक्रियागत विषयलाई सरलीकृत गरी कानुन कार्यान्वयनमा सहजता ल्याउँदछ । मूल विधायनले सारवान विषयहरू उल्लेख गर्ने र प्रत्ययोजित विधायन अन्तर्गत बन्ने कानुनले प्रक्रियागत विषय उल्लेख गरी मातृ कानुनको उद्देश्य हासिल गर्न सहयोग गर्छ । मातृ कानुनको मर्म र सीमा बाहिर गई प्रत्ययोजित विधायन निर्माण गर्न सकिँदैन । यस्ता कुराहरू संसदीय निगरानीका विषय हुनु पर्छ।

५. **गाउँ कार्यपालिकाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।**

↳ गाउँपालिकाको कार्यकारिणी अधिकारको प्रयोग गर्ने निकाय नै गाउँ कार्यपालिका हो । संविधानको धारा २१५ र धारा २१६ तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम गाउँ कार्यपालिकाको निर्वाचन र गठन प्रक्रिया देहायबमोजिम हुने गर्छ।

- प्रत्येक गाउँपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहन्छन् । निजको अध्यक्षतामा गाउँ कार्यपालिकाको गठन हुन्छ।
- गाउँ कार्यपालिकामा अध्यक्ष सँगै एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष, गाउँसभाका सदस्यले आफूहरूबाट निर्वाचित चार जना महिला सदस्य र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँ सभाले निर्वाचित दुई जना सदस्यहरू रहन्छन्।
- अध्यक्ष, उपाध्यक्ष, र वडाध्यक्षको निर्वाचन गाउँपालिका क्षेत्रभित्रका मतदाताले एक पद एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार गरिन्छ।
- गाउँ कार्यपालिकाका चार महिला सदस्यहरू गाउँ सभाका सदस्यले आफूहरू मध्येबाट गोप्य मतदानद्वारा चार जना उम्मेदवारलाई दिने एक एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने चार जना निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित हुन्छन्।
- दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्यहरू गाउँ सभाका सदस्यले गोप्य मतदानद्वारा दुई जना उम्मेदवारलाई दिने एक एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित हुन्छन्।
- यसरी गाउँ कार्यपालिकाको गठन भई पाँच वर्षसम्म निरन्तर रूपमा सेवा प्रवाह, स्थानीय विकास निर्माण र नियमनसम्बन्धी बृहत् कार्य जिम्मेवारीहरू निर्वाचित सरकारले कार्यान्वयन गर्छ।

प्रस्तुकर्ता : अर्जुन शर्मा